श्री गरिव नवाज सामुदायिक वन उपभोक्ता समुह ,

नरैनापुर गा.पा. वडा नं. १, बाँके

गोलिया काठ तथा दाउरा च्प्प बोलपत्रद्धारा लिलाम बिक्रि सम्वन्धी सूचना

(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०४/०२ )प्रभात राष्ट्रिय दैनिक

विस्तृत सूचना

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.२६६५ मिति २०८०/११/२९ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.४११६ मिति २०८१/०३/११ को बाहृय लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन, दबदबे जातका गोलिया थान ५४ को ७३५.६३ घन.फीट काठ र साल जातको दाउरा २.०० चट्टा र अन्य जातको दाउरा ३.०० चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्वन्धित सबैलाई सुचित गरिन्छ ।

तपशिल

| जात | ग्रेड | थान | परिमाण | दर | न्युनतम मुल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साल | वि | ८ | १५९.०० | ९०० | १४३१०० | २०६७० | |
| साल | सि | ८ | ९९.१२ | ६०० | ५९४७२ | १२८८६ | |
| साल | डि | ५ | ९.६६ | ३०० | २८९८ | १२५६ | |
| जामुन | ए | ३ | ६७.९२ | ४०० | २७१६८ | ८८३० | |
| जामुन | वि | ९ | ९५.५६ | ३०० | २८६६८ | १२४२३ | |
| जामुन | सि | ११ | ५०.७८ | १०० | ५०७८ | ६६०२ | |
| कर्मा | ए | १ | ३४.०४ | ४०० | १३६१६ | ४४२६ | |
| कर्मा | वि | ५ | १३९.४० | ३०० | ४१८२० | १८१२२ | |
| दवदवे | | ४ | ८०.१५ | १०० | ८०१५ | १०४२० | |
| जम्मा | | ५४ | ७३५.६३ | | ३२९८३५ | ९५६३५ | |
| साल जातको दाउरा चट्टा | | | २.०० | १२००० | २४००० | २४००० | |
| अन्य जातको दाउरा चट्टा | | | ३.०० | ४००० | १२००० | ३६००० | |
| कुल जम्मा | | | | | ३६५८३५ | १५५६३५ | |

अध्यक्ष

CamScanner

अध्यक्ष

<u>शर्त तथा नियमहरु</u>

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०४/१६ कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०४/१७ गते दिउसो १२:३० समय सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको लक्ष्मी सनराईज बैंक नरैनापुर शाखामा रहेको हिसाब नं ०७४१०६१११९७०१००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारम रु १०००/-(पछि फिर्ता नहुने गरी) तिरी यस समुह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्दीमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाणपत्र, कर दर्ता/चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.पि.एन.) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कारोबार गर्न अनुमसत पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दि बोलपत्र पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक दाखिला हुन आएमा बोलपत्रहरु मिति २०८१/४/१७ गते दिउसो २:०० बजे समुहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ साथै बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोलिनेछ ।

८. बोलपत्र खरिद दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

९. लिलाम बिक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समुहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले ७ दिन भित्र सकार रकम , मूल्य अभिवृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार समुहमा रहनेछ ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।